**तिलोत्तमा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

का.बै.सं.२६/०७५/०७६(६२) मितिः २०७६।०२।१० गते ।

प्रस्तावहरु :

१. आर्थिक वर्ष २०७६/०७७ को नगर सभा सम्बन्धमा ।

२. चीन भ्रमण सम्बन्धमा ।

३. खानेपानीको ओभरहेड टयाङ्की निर्माण सम्बन्धमा ।

४. आदिवासी जनजातीको बजेट बाँडफाँड सम्बन्धमा ।

५. रकम भुक्तानी सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

**आर्थिक वर्ष २०७६।७७ को नगर सभा सम्बन्धमा देहाय बमोजिम निर्णय गर्ने :**

- पाँचौ नगरसभाको पहिलो बैठक मिति २०७६।१।१५ गते दिनको १२.१५ बजे होटल लक्ष्मी नयाँमिलमा आयोजना गर्ने ।
- नगरसभामा पेश गर्नको लागि नगरप्रमुखद्धारा प्रस्तुत आर्थिक वर्ष २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।
- नगरसभाको उद्‌घाटन सत्रमा नगर भित्रका शिक्षा, खानेपानी, वन, सिंचाई, उद्योग वाणिज्य संघ, सुरक्षा निकाय, नागरिक समुदायका अगुवा, टोल विकास संस्था लगायतलाई आमन्त्रण गर्ने ।

निर्णय नं २

- जनवादी गणतन्त्र चीनको उत्तर पश्चिममा अवस्थित Dlaiaoing Province को Dalian Municipal People's Government सँग भगिनी सम्बन्ध विस्तार र आगामी असोजमा आयोजना गर्ने लगानी सम्मेलनका लागि निमन्त्रणा, छलफल र चीनका लागि नेपाली राजदूताबास मार्फत लगानी सम्मेलनका सम्भावना र अवसरहरुको बारेमा जानकारी गराउनको लागि नगरप्रमुख श्री बासुदेव घिमिरे, उप-प्रमुख श्री जगेश्वरदेवी चौधरी, प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद सापकोटा, प्रेस सल्लाहाकार श्री वीपी गौतम र नगर प्रमुखज्यूका स्वकीय सचिव श्री विष्णुप्रसाद अर्यालको चीन भ्रमणको प्रस्ताव स्वीकृत गर्ने।

- चिनिया मामलाका जानकार डा. सागर न्यौपानेलाई चीनका लागि तिलोत्तमा नगरपालिकाको तर्फबाट Liasion Officer को जिम्मेवारी प्रदान गर्ने र निजलाई उक्त भ्रमण कार्यक्रमको व्यवस्थापन, द्धिपक्षीय सम्वन्ध विस्तार, समन्वय लगायतका कार्यमा सहजीकरण गर्न जिम्मेवारी प्रदान गर्ने ।

निर्णय नं. ३

**खानेपानी सम्बन्धमा देहाय बमोजिम गर्ने :**

- श्री करहिया-मक्रहर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको खानेपानीको क्षेत्र विस्तारका लागि वडा नं.-१२ को वडा कार्यालय (साविक मक्रहर गा.वि.स.) सँग जोडिएको अन्दाजी १० कठ्ठा जगगामा उक्त संस्थाको ओभरहेड टयाङ्की निर्माण गर्न अनुमति प्रदान गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ४

- चालु आ.ब.को वार्षिक कार्यक्रम अन्तर्गत ब.शी.नं. २०६० लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गतको आदिवासी उत्थान विकास कार्यक्रम शीर्षकमा विनियोजित रकम सरोकारवालाहरुको परामर्शमा देहाय बमोजिम बाँडफाँड गर्ने ।

**पूर्वाधार तर्फका कार्यक्रमहरु :**

- निर्माणाधिन आदिवासी जनजाती भवनको कम्पाउण्ड फिलिङ्ग रु. ५०००००।- (अक्षेरुपी पाँच लाख)
- झिंगु नेवा निर्माणाधिन अधुरो भवन रु.३५००००।- (अक्षेरुपी तीन लाख पचास हजार)
- शव दहनस्थलको पूर्व गुरुङ्ग घाटमा पर्खाल निर्माण रु.४०००००।- (अक्षेरुपी चार लाख)
- बुद्ध परियती विहार पूर्वाधार निर्माण रु.३५००००।- (अक्षेरुपी तीन लाख पचास हजार)

बासुदेव घिमिरे

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

क्षमता अभिवृद्धि कार्यक्रमहरु :

| क्र.स. | तालिमको नाम | बजेट रकम | क्षेत्र |
|---|---|---|---|
| १ | पत्रकारिता तालिम | ३,०९,०००।- | नगरस्तरीय |
| २ | कम्प्युटर ग्राफिक | २,५०,०००।- | नगरस्तरीय |
| ३ | ड्राइभिङ्ग | २,७२,०००।- | नगरस्तरीय |
| ४ | नेतृत्व विकास दायित्व सम्बन्धी तालिम | ३,४२,०००।- | नगरस्तरीय |
| ५ | एडभान्स एकाउन्ट टेली कम्प्युटर तालिम | २,३०,०००।- | नगरस्तरीय |

निर्णय नं ५

- निर्माणाधिन तिलोत्तमा भ्यूटावर, प्रशासनिक भवन, अतिथि गृह, तिलोत्तमा सभाहल, वडा कार्यालय लगायतका निर्माणिधन संचरनाहरुको प्राविधिक प्रतिवेदनका आधारमा भुक्तानी दिने।
- महिला, आदिबासी, जनजाती, बालबालिका, दलित, पिछडिएका वर्ग र समुदायको शीर्षकमा छुट्टाइएको बजेट बाहेक अन्य पूर्वाधारमा छुट्टाईएको र हालसम्म सम्झौता नभएका योजनाहरुको बजेटलाई एकिकृत गरी भ्यूटावर लगायतका ठूला पूर्वाधारको भुक्तानी दिनका लागि आगामी नगरसभामा पेश गर्ने ।
- आ.व. ०७५/०७६ ब.शी.नं. ३०१० (९) को नगरस्तरीय गणेशनगर प्रतिक्षालय राजमार्ग जोड्ने सडक मर्मत तथा कालोपत्रे २०,००,०००।- मध्येबाट वडा नं. ८ को संगम पथ सडक कालोपत्रेमा रु.३,५०,०००।- रकमान्तर गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

बासुदेव घिमिरे
नगर प्रमुख

कृष्णप्रसाद सापकोटा